बारेकोट गाउँपालिकाको
१५ औं गाउँसभा

मिति २०७९/०३/१०

यस बारेकोट गाउपालिकाको १५ औं गाउसभाको पूर्वसन्ध्यमा यस गाउँपालिकाका अध्यक्ष श्री वीर बहादुर गिरी ज्यू को अध्यक्षतामा बैठक बसी तपसिल बमोजिमका उपस्थितिमा आर्थिक बर्ष २०७९/०८० को बार्षिक नीति तथा कार्यक्रम र बार्षिक कार्यक्रम र बजेट सभाको खुल्ला सत्र कार्यक्रम सम्पन्न गरियो ।

उपस्थिती

| नाम | पद | हस्तक्षर |
|---|---|---|
| १) श्री वीर बहादुर गिरी | अध्यक्ष बारेकोट गाउँपालिका | |
| २) श्री दल बहादुर सिंह | उप प्रमुख जिल्ला समन्वय समिति जाजरकोट (प्रमुख अथिती) | |
| ३) श्री डम्बर बहादुर सिंह | केन्द्रीय सदस्य ने.क.पा. ऐमाले (बिषेश अथिती) | |
| ४) श्री तीलक बहादुर रावत | सदस्य प्रदेश कमिटी सदस्य ने.क.पा. माओबादी केन्द्र अथिती | |
| ५) श्री नर बहादुर गिरी | उपाध्यक्ष बारेकोट गाउँपालिका (अथिती) | |
| ६) श्री पानसा सिंह (गिरी) | सदस्य जिल्ला समन्वय समिति जाजरकोट (अथिती) | |
| ७) श्री ओमा शाही | निर्वतमान उपाध्यक्ष (अथिती) | |
| ८) श्री भक्त बहादुर बस्नेत | अध्यक्ष ने.क.पा. एमाले बारेकोट गाउँ कमिटी (अथिती) | |
| ९) श्री भीम बहादुर सिंह | सदस्य नेपाली काँग्रेस (अथिती) | |
| १०) श्री ऐन बहादुर गिरी | वडा अध्यक्ष | |
| ११)श्री वीर बहादुर घर्ती | वडा अध्यक्ष | |
| १२)श्री राम बहादुर सिंह | वडा अध्यक्ष | |
| १३.श्री विष्णु बहादुर रावत | वडा अध्यक्ष | |
| १४.श्री गोरख बहादुर थापा | वडा अध्यक्ष | |
| १५.श्री डम्बर बहादुर महतारा | वडा अध्यक्ष | |
| १६. श्री विशाल किरण बस्नेत | वडा अध्यक्ष | |
| १७.श्री योगेन्द्र बहादुर सिंह | वडा अध्यक्ष | |
| १८. श्री दान बहादुर शाही | वडा अध्यक्ष | |
| १२.श्री दील बहादुर नेपाली | सदस्य गाउँ कार्यपालिका | |
| १३. श्री दीपक नेपाली | सदस्य गाउँ कार्यपालिका | |
| १४.श्री कमला कामी | सदस्य गाउँ कार्यपालिका | |
| १५. श्री कल्पना कामी | सदस्यगाउँकार्यपालिका | |
| १६.श्री विष्णु वि.क. | सदस्य गाउँ कार्यपालिका | |

१७.श्री नैनी नेपाली सदस्य गाउँ कार्यपालिका

१८) श्री राममाया पुन सदस्य गाउँसभा

१९) श्री कल्दरी कामी सदस्य गाउँसभा

२०) श्री लाल बहादुर पुन सदस्य गाउँसभा

२१) श्री तील बहादुर थापा सदस्य गाउँसभा

२२) श्री पशुपती पुन सदस्य गाउँसभा

२३) श्री सुनरुपी परियार सदस्य गाउँसभा

२४) श्री तुला बहादुर कामी सदस्य गाउँसभा

२५) श्री मान बहादुर सिंह सदस्य गाउँसभा

२६) श्री जुना कुमारी सिंह सदस्य गाउँसभा

२७) श्री मान बहादुर रोकाय सदस्य गाउँसभा

२८) श्री राम बहादुर शाही सदस्य गाउँसभा

२९) श्री बिष्णु सिंह सदस्य गाउँसभा

३०) श्री खुम्मी कामी सदस्य गाउँसभा

३१) श्री महेन्द्र बहादुर सिंह सदस्य गाउँसभा

३२) श्री कमला कामी सदस्य गाउँसभा

३३) श्री भीम बहादुर सिंह सदस्य गाउँसभा

३४) श्री मन बहादुर सिंह सदस्य गाउँसभा

३५) श्री प्रेम कुमारी चलाउने सदस्य गाउँसभा

३६) श्री मान बहादुर चलाउने सदस्य गाउँसभा

३७) श्री शेर बहादुर चलाउने सदस्य गाउँसभा

३८) श्री कृष्ण कुमारी वानियाँ वली सदस्य गाउँसभा

३९) श्री पशुपती कामी सदस्य गाउँसभा

४०) श्री शेर बहादुर बस्नेत सदस्य गाउँसभा

४१) श्री नर बहादुर बस्नेत सदस्य गाउँसभा

४२) श्री लक्ष्मी शाही सदस्य गाउँसभा

४३) श्री देवी कुमारी कामी सदस्य गाउँसभा

४४) श्री खीम बहादुर बस्नेत सदस्थ गाउँसभा

Scanned with CamScanner

४५) श्री पृथी बहादुर बोहरा सदस्य गाउँसभा पृथ्वी

४६) श्री पवित्रा शाही सदस्य गाउँसभा पवित्रा

४७) श्री दिप बहादुर महतारा सदस्य गाउँसभा

४८) श्री दुद बहादुर नेपाली सदस्य गाउँसभा दुद

(४९) लोकेन्द्र सिंह

(५०) सरोज वली सरोजवली

(५१) भिम ब. चलाउने

५२ सुर्य शर्मा

५३ घमण्ड गिरी

५४ प्रेम बहादुर वली

५५) कर्ण ब० महतारा कर्ण महतारा

५६) प्रकाशमान सिंह नेपाल तरुण दल जिल्ला उपाध्यक्ष

५७) कर्ण बहादुर शाही नेकपा एमाले जि. उपाध्यक्ष कर्णबहादुर

(५८) देवी सार्की

५९. प्रदिप शर्मा अखिल क्रान्तिकारी

६०. टेक बहादुर सिंह (नेकपा माओवादी केन्द्र)

६१ महेन्द्र राज सिंह

६२. मोहन राज ज्योती नेपाल राष्ट्रिय प्रजातन्त्र पार्टी

६३ ... लाल रोकाय सं० ई० गा० पा० वीरेन्द्र

६४ सीता कुमारी बोहरा श्री भगवती आँखा क्लिनिक १ बयाला

६५ कृष्ण ब. रुल वडा नं १

६६ पदम बहादुर बोहरा रायपुरडाँडा १

६७ मन बहादुर शाही निवर्तमान अध्यक्ष वडा नं ३

६८ देव बहादुर चलाउने वडा नं ६ निवर्तमान (वडा सदस्य)

Scanned with CamScanner

प्रस्तावहरु

१. गाउँसभामा बार्षिक नीति तथा कार्यक्रम र बार्षिक बजेट कार्यक्रम पेश सम्बन्धमा ।

निर्णय नं १

आर्थिक बर्ष २०७९।८० को बार्षिक बजेट कार्यक्रम र बार्षिक बजेट कार्यक्रम मिति २०७९।०३।१० मा यस गाउँसभामा बारेकोट गाउँपालिकाका अध्यक्ष श्री वीर बहादुर गिरी ज्यूले र उपाध्यक्ष श्री नर बहादुर गिरी ज्यूले गाउँ सभामा छलफल गर्ने गरी तपशिल बमोजिमको नीति तथा कार्यक्रम र बार्षिक बजेट कार्यक्रम रु ४६ करोड ४१ लाख ९२ हजार रुपैयाँको आय व्यय रकम प्रस्तुत गर्ने निर्णय गरियो ।

नेपालको संविधान २०७२ तथा कर्णाली प्रदेश सरकारको गाउँसभा सञ्चालनका लागि व्यवस्थापन गर्न बनेको ऐन २०७५ स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम बारेकोट गाउँपालिकाको १५ औं गाउँसभामा प्रस्तुत

# आर्थिक वर्ष २०७९।०८०

# को

# नीति तथा कार्यक्रम

प्रस्तुतकर्ता
बीर बहादुर गिरी
अध्यक्ष
बारेकोट गाउँपालिका, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

मिति : २०७९/०३/१०



Scanned with CamScanner

**बारेकोट गाउँपालिकाको नियमित गाउँ सभा अधिवेशन १५ औं बजेट अधिवेशनमा उपस्थित हुनु भएका गाउँपालिकाका**

**उपाध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यूहरु, गाउँ कार्यपालिका सदस्य ज्यूहरु**

**गाउँ सभा सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू,**

**उपस्थित सम्पूर्ण महानुभावहरु।**

सर्वप्रथम नेपाली जनताको राजनीतिक स्वतन्त्रता आर्थिक समृद्धि र सामाजिक न्यायको लागि जीवन उत्सर्ग गर्नहुने बीर शहिदहरु प्रति उच्च सम्मान सहित हार्दिक श्रद्धासुमन व्यक्त गर्दछु। विभिन्न कालखण्डमा भएका राजनीतिक आन्दोलन र संर्षमा घाईते अपाङ्ग र वेपत्ता हुनुहुने महान व्यक्तिहरु प्रति उच्च सम्मान छ।

आजको नयाँ व्यवस्थामा पुरानो अवस्थाको निरन्तरता भत्काउनु हामी सबैको साइना कर्तव्यहो। यो युगिन कर्तव्य पुरागर्नका लागि नै बारेकोटी जनताले भखरै सम्पन्न स्थानीय तहको निर्वाचनमा हाम्रो पक्षमा जनमत अभिव्यक्त गर्नुभएको छ। यो ऐतिहाँसिक जनमतको सम्मान गर्दै समृद्ध बारेकोट निर्माणमा लाग्नु हामी जनप्रतिनिधिहरुको राजनीतिक तथा सामाजिक उत्तरदायित्व हो। यही मर्म वोधका साथै हामी आज निरन्तरताको १५ औं गाउँसभामा उपस्थित भएका छौं। हाम्रो गाउँसभालाई बारेकोटी जनताले ठूलो आशा उत्साह र भरोसाको साथ हेरिरहेका छन्। यो बेला सिमित स्रोत साधनको अधिकतम उपयोगबाट असिमित आवश्यकता र इच्छा चाहानाहरुको सम्वोधन गर्न परिस्थिति हाम्रो सामुन्यमा छ।

हामी उपलब्ध स्रोत साधनहरुको जनउपयोगी परिचालनबाट नै बारेकोट समृद्धिको यात्रा आरम्भ गर्नुपर्ने छ। यस्तो बास्तविकतालाई आत्मसाथ गर्दै नीतिगत सुधार प्रक्रियागत प्रभावकारिता र परिणाममुखी कार्यान्वयनको तर्जुमा हाम्रो अभिभारा हो। यो अभिभारा पुरागर्दै अगाडिबढ्न सक्नुपर्नेछ। गणतन्त्र स्थापना पछिको दोस्रो स्थानीय तहको निर्वाचन पछि बारेकोटी जनतामा समयानुकुल अपेक्षाहरुको बढोत्तरी भएको छ तर त्यस्ता अपेक्षाहरुको सम्वोधन गर्ने स्रोतसाधनको उपलब्धता भने पुरानै छ। अव हामीले पुरानो भण्डारको परिचालन नयाँ तरिका गर्न सके मात्रै क्रमागत रुपमा सुन्दर र परिवर्तनको मार्ग खोल्न सम्भवछ। हिजोको अभ्यास, अनुभव आजको शिक्षा हुन सक्छ तर हुवहु त्यसको निरन्तरताबाट मात्रै हामी निर्देशित हुने छुट हामी नव निर्वाचित प्रतिनिधिहरुलाई छैन। तसर्थ विगतको समिक्षा वर्तमानको यथार्तता र भविस्यको सपथ सहित आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम तयार गरिएको छ।

नेपालको संबैधानिक व्यवस्था अनुरुप शिक्षा, स्वास्थ्य, रोजगारी, स्व च्छ वातावरण, सूचना, र सामाजिक न्याय जस्ता मौलिक हक एवम् राज्यका निर्देशक सिद्धान्तको आर्थिक उद्देश्यमा उल्लेखित राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र एवम् उन्नतीशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्र निर्माणका लागि स्थानीयस्तरमै सर्वाङ्गीण विकासको आधारशीला तथा तयार गर्न नीति तथा कार्यक्रम निर्माण कार्यले मात्रै हामीले चाहेको परिवर्तन हुन सक्दैन। यसका लागि नीति तथा कार्यक्रममा समावेश विषयवस्तुहरुको प्रभावकारी कार्यान्वयन गर्न यथोचित स्रोत/साधनको सुनिश्चितता गर्नुपर्ने हुन्छ। विगतका नीति तथा कार्यक्रम कार्यान्वयनको अनुभव र उपलब्ध स्रोत/साधनको उचित प्रयोग र परिचालन गर्दै आगामी आर्थिक वर्ष २०७९/०८० मा विषयक्षेत्रगत सहितको १९७ बुँदे नीति तथा कार्यक्रम यो गरिमामय सभा समक्ष पेश गर्दैछु।



Scanned with CamScanner

## १. आर्थिक विकास तर्फः

### क) कृषि तथा पशुपंक्षी विकास

१. मानब स्वास्थ्य र पशु स्वास्य सुधारका लागि मानव घर पशु घर अलग गर्ने ब्यबस्था गर्न कार्यक्रम शुरु गरिने छ।

२. कृषि व्यवसायमा सहजता, उत्पादनमा अभिवृद्धि गर्नको लागि किसानहरुलाई आधुनिक मेशिन वितरण कार्यक्रम लागु गरिनेछ।

३. अत्यावश्यक कृषि उपजमा बारेकोटलाई आत्मनिर्भर बनाउन भौगोलिक अस्था वाताबरण अनुकुल उत्पादन धान, मकै, गहुँ, जौं, कोदो, जस्ता अन्नबाली, सिमी, बोडी, केराउ, मास, मसुरो, गहत, चना, भट्मास आदि कोशेबाली, आलु, काउली, बन्दा, पिंडालु, फर्सी, काँक्रो, गाजर, लौका, स्कुस, करेला, गोलभेंडा जस्ता तरकारी बाली, अदुवा, लसुन, प्याज, बेसार, अलैंची, धनियाँ, मेथी, खुर्सानी, तेजपात, टिमुर आदिको परम्परागता खेतिको अलाबा अन्य अन्न फलफुल तथा तरकारी खेतिको संम्भाब्यता अध्ययन गरीमाटो सुहाउदो एक वडा एक उत्पादन कार्यक्रमसंचालन गरीगर्न बिशेष पहल गरिने छ।

४. स्याउ, सुन्तला, केरा, कागती, ओखर, नासपाती, आरु, आरुबखडा, किवी, जस्ता फलफुल खेतिका लागि संम्भाब्यता अध्ययन गर्न पहल गरिने छ।

५. तोरी, चुली, ढुटेलो, जैतुनको उत्पादन र प्रशोधनका लागि कार्यक्रम संचालन गरी तेल उत्पादनमा बारेकोटलाई आत्मनिर्भर बनाउन पहल गरिनेछ।

६. बारेकोटलाई तरकारीमा आत्म निर्भर बनाउनका लागि तरकारीको आयात प्रतिस्थापन गरी निर्यात प्रबद्र्धन गर्न कृषकहरुलाई तरकारी खेतिमा आकर्षित गर्न बिशेष अनुदानमा समुह र संस्थागत रुपमा तरकारी खेति गर्न प्रेरित गरिने छ।

७. पशुपालनबाट किसानहरुको आय आर्जन बृद्धि गर्न भेडा, बाख्रा, भैंसी पशुपालन क्षेत्र निर्धारण गरी बिशेष कार्यक्रम संचालन गरिने छ।

८. कुखुरा, हाँस, कालिज, अस्टिज, टर्की जस्ता पंछी ब्यबसायिक पालनको लागि बिशेष अनुदानमा कार्यक्रम संचालन गरिने छ।

९. मौरीपालन र माछापालनको संम्भाब्यता अध्ययन गरिने छ।

१०. पालिका भित्रका सम्पूर्ण वडाहरुमा पशु स्वास्थ्य शिविर संचालन गरी पशुजन्य महामारी नियन्त्रण तथा पशु उपचारको ब्यबस्था गरिने छ। त्यसका लागि औषधि ब्यबस्थापन जनशक्ति परिचालनको बिशेष ब्यबस्था मिलाइने छ।

११. जोनोटिक रोग नियन्त्रण, रेविज रोग नियन्त्रणका लागि निशुल्क खोप लगाउने, सामुदायिक कुकुर बन्ध्याकरण, क्षयरोग सर्भिलेन्स जस्ता कार्यक्रमहरु आवश्यकतामा संचालन गरिने छ।

१२. पशु विमा प्रर्बद्धन कार्यक्रम, पशु नस्ल सुधार कार्यक्रम र पशु पोषण सुधार जस्ता कार्यक्रम संचालनका लागि पहल गरिने छ।

१३. सहज पशु उपचारको लागि एक वडा एक पशु सेवा इकाई स्थापना गरी सेवा प्रवाह गर्ने व्यवस्था मिलाइने छ।

१४. गुणस्तरीय कृषि उत्पादन, उचित प्रशोधन, भण्डारण तथा बजारीकरण, वितरणमा सहजीकरण र नियमन गरी खाद्य तथा पोषण सुरक्षाको लागि सरकारी, निजी, सहकारी र समुदायको साझेदारीमा कृषिमा आधुनिकीकरण, व्यावसायिकरण, यान्त्रिकीकरण, विविधीकरण एवं विशिष्टीकरण गर्ने र प्राङ्गारिक खेतीलाई प्राथमिकता दिने नीति लिइनेछ।



Scanned with CamScanner

१५. सहकारी र स्थानीय समुदायको सहभागितामा ब्यबसायिक कृषि योजना निर्माण गरी बिउ, सिँचाइ र प्राङ्गारिक मलको उचित संयोजन गरी उत्पादन ब्यबसायिकतामा बृद्धि गर्न जोड दिइनेछ।

१६. कृतिम तरिकाबाट पशुहरुमा नश्ल सुधार गर्ने र प्राकृतिक गर्भधान राँग, बोका, थुमा , कुखुरा,खरिद गरी बितरण गर्ने ब्यबस्था मिलाईने छ।

१७. पशुपालन ब्यबसायलाई ब्यबसायिक बनाउन किसानहरुका लागिं आधुनिक खोर निर्माण गर्न अनुदान रकम दिने ब्यबस्था गरिने छ।

१८. किसान समुह समिति फर्महरुले पशु पालन सम्बन्धि नमुना कार्यक्रम गरे वापत उक्त किसान समुह समिति तथा फर्महरुलाई छनोटको आधारमा उच्च मुल्यांकन गरी कृषक प्रोत्साहान स्वरुप अनुदान प्रदान गरीनेछ।

१९. एक्कल महिला विपन्न वर्ग तथा पिछडीएको महिला समुहलाई छनोट गरी उन्नत बाख्रा अनुदान कार्यक्रम स्थानीय कुखुरा अनुदान कार्यक्रम संचालन गरिनेछ।

२०. पशुपालन ब्यबसायलाई थप ब्यबस्थित र ब्यबसायिक गर्न पशु तथ्यांक संकलन कार्यक्रम संचालनमा ल्याइने छ।

२१. व्यावसायिक पशुपालन कृषकहरुको लागि गोठालो भत्ताको व्यवस्था गरिनेछ।

### ख) सिंचाई

२२. कृषि उत्दानको संभाब्यता अध्ययन गरी सिँचाइका श्रोतहरुको परिचालनका लागि बिशेष पहल गरिने छ। कृष उतपादन संभाब्यता अध्ययन गरी खेतीयोग्य जमीनमा सिँचाइ सुविधा उपलब्ध गराउन सिँचाइ प्रणालीको विकास गरी कृषि उत्पादन कार्यलाई प्राथमिकताका दिइनेछ।

२३. जलउत्पन्न प्रकोपलाई न्यूनीकरण गर्न नदी, जोखिमयुक्त जलाशय, नदी तथा पहिरो नियन्त्रणका लागि प्रभावकारी योजना तर्जुमा गरी कार्यान्वयनमा लाइने छ।

२४. नदि र खोलाको कटानबाट जोखिममा परेका बस्ति तथा खेतियोग्य जमिन सुरक्षाको लागि विशेष कार्यक्रम लागु गरिनेछ।

### ग) पर्यटन

२५. बारेकोट सम्बृद्धिको महत्वपूर्ण आधार पर्यटन हो। यसर्थ पर्यटन गुरु योजना निर्माण गरी पर्थटन प्रबद्र्धन विकास गर्न बिशेष पहल गरिने छ।

२६. महत्वपूर्ण पर्यटकीय स्थानको पहिचान, प्रचार प्रसार र विकासका लागि आबश्यक पहल गरिने छ।

२७. यहाँका सबै ऐतिहासिक, धार्मिक, पुरातात्विक स्थल,संस्कृति, सभ्यताको खोज, संरक्षण र सम्वद्र्धन गरिनेछ। साथै प्रचार प्रसारका लागि आवश्यक कार्यक्रमहरु जस्तै सामाजिक संजाल, वेबसाइट प्रयोगका साथै श्रब्य दृश्यि सामाग्रि निर्माण गर्न पहल गरिने छ।

२८. जिल्लाकै सुन्दर बस्ति सिल्पाचौरमा होमस्टे संचालनका लागि आबश्यक ब्यबस्था सहित बिस्तृत अध्ययन गरी काम अगाडी बढाइने छ।

२९. धार्मिक तथा पर्यटकीय क्षेत्र संरक्षण कला संस्कृतिको संवर्द्धन पुरातत्व विभागमा सूचिकृत गराउने देखि IT पार्कको स्थापना गर्ने व्यवस्था मिलाईनेछ।



Scanned with CamScanner

३०.बारेकोटको प्रसिद्ध देवता राँगाबाँचिलाको मन्दिर निर्माण गरि दैविक शक्तिपिठको रुपमा स्थापित गर्न विस्तृत योजना निर्माण गरिनेछ ।

**घ) लघु उद्यम स्थापना, रोजगारी सिर्जना र आन्तरिक आय अभिवृद्धि**

३१. मानव पूँजी र श्रमको पलायन रोक्न बारेकोट रोजगार बैंक स्थापना गरि रोजगारिको सम्भाव्यता अध्ययन र रोजगारी सिर्जनाका लागि विशेष पहल गरिनेछ ।

३२. बढ्दो बेरोजगारी समस्या समाधान गरी रोजगारी सिर्जनाका लागि प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिने छ । कामदारको खातामा पैसा पुग्ने ब्यबस्था गरी रोजगार प्रबद्र्धन गर्न पहल गरिने छ ।

३३.उपभोक्ता समिति गठन तथा परिचालन कार्यविधि निर्माण गरि सिमान्तकृत वर्गको नेतृत्व, सहभागिता र सबैको स्वामित्व गर्ने नीति अवलम्वन गरिनेछ ।

३४. आ.व.२०७९।०८० देखि संचालन हुने प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रमबाट संचालन हुने योजनाहरुको काममा युवा सहभागिता, महिला सहभागिता सुनिश्चित गरिने छ ।

३५.सबै वडामा बेरोजगारहरुको सुचीकरण गरी उनीहरुका लागि बिशेष रोजगारको प्रबन्ध गरिने छ ।

३६. लगानीको अभाबमा ब्यबसाय गर्नबाट बन्चितहरुका लागि बित्तिय संस्थाहरुको लगानी सुरक्षित गर्न आबश्यक बजेटको ब्यबस्था गरी यहि आर्थिक बर्षबाट बारेकोटमा बैकिङ्ग लगानीको बातावरण निर्माण गरिने छ ।

**ङ) उद्योग, वाणिज्य र सहकारी**

३७. बारेकोटमा खनिज र फलामखानी सम्भाव्यता अध्ययनका लागि विशेष व्यवस्था गरिनेछ ।

३८.कम्तिमा ३/४ स्थानमा सुपथ मुल्य पसल स्थापनाको व्यवस्था मिलाउने उपभोक्ताहरुको हक सुरक्षित गरिनेछ ।

३९.दैनिक उपभोग्य वस्तु तथा सेवा नियमित र सहज रुपमा आपूर्ति हुने व्यवस्था मिलाउनुका साथै नियमित अनुगमन तथा नियमन मार्फत बजारलाई व्यवस्थित गरिनेछ ।

४०. बजारमा अवधि नाघेका खाद्यवस्तु र औषधि बिक्री वितरणमा रोक लगाइनेछ । दर्ता नभएका, उत्पादन मिति तथा मिश्रण उल्लेख नभएका र प्रयोग अवधि उल्लेख नभएका तयारी खाद्यवस्तु बजारमा बिक्री वितरणमा प्रतिबन्ध लगाइनेछ ।

४१. खाद्यन्न आपुर्तीका लागि घाट बजारमा स्थापना भएको खाद्य डिपोमा खाद्यान्न आपूर्तिको व्यवस्था गरिनेछ । र नुन आपुर्तीको लागि नुन डिपोको स्थापनाका लागि आवश्यक पहल गरिनेछ ।

४२.तिन खम्बे अर्थ नीति अनुसार पालिका भित्र संचालनमा रहेका सम्पुर्ण सहकारीहरुलाई क्रियाशिल बनाउने र सहकारी संस्थासगको साझेदारीमा आयआर्जन गरिबी निबारण सम्बन्धि कार्यक्रम संचालन गरिने छ ।

४३.गरिबी निवारणका लागि औद्योगिक संभाब्यता अध्ययन सहित लघु उद्यम विकास कार्यक्रम संचलन गर्न बिशेष पहल गरिने छ ।

**२. सामाजिक विकास तर्फ**

**क) शिक्षा, युवा तथा खेलकुद**



Scanned with CamScanner

४४.बारेकोट गाउँपालिका अन्तरगतका कम्तिमा ४ वटा आधारभूत तह (कक्षा १-५) संचालित विद्यालयहरुमा नमूना विद्यालय विकास कार्यक्रम सञ्चालन गरिनेछ । साथै ती विद्यालयमा IT सम्वन्धी कार्यक्रम सञ्चालनको पहल गरिनेछ ।

४५.गृहणी शिक्षा, अनौपचारिक शिक्षा, मानव अधिकार शिक्षा तथा विभिन्न सीपमुलक तालिम दिने व्यवस्था टोल वस्तिस्तरमा व्यवस्था गरिनेछ ।

४६.दिवा खाजा व्यवस्थापन तथा क्षमता अभिवृद्धि र विद्यालय खानेपानी सरसफाई तथा स्वच्छता कार्यक्रमका लागि आवश्यक व्यवस्था गरिनेछ ।

४७.हालसम्म बारेकोट गाउँपालिमा उच्च शिक्षा प्रदायक शिक्षण संस्था नभएको र आगामी दिनमा पालिकामै उच्च शिक्षाको पहुँच हुनेगरी एउटा स्नातक तहको पठनपाठन गर्न क्याम्पस स्थापनाका लागि आवश्ययक पहल गरिनेछ ।

४८.यस पालिकाबाट प्रत्येक वर्ष एस.ई.ई. उतिर्णहुने छात्र/छात्राहरु मध्य प्रथमहुने छात्र/छात्रालाई प्रोत्साहन सम्मान गरिनेछ ।

४९.प्राविधिक शिक्षा तर्फ उच्च शिक्षा अध्ययन गर्ने MBBS र BE पढ्ने एक/एक जनालाई साझेदारी वा पालिकाले सहयो गरिनेछ ।

५०.यस बारेकोट गाउँपालिकामा स्नातक तह सम्मको बहुप्राविधिक शिक्षालय स्थापना गर्ने विशेष पहल गरिनेछ ।

५१.गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा वितरण गरिएको शिक्षण सिकाई अनुदान (बालविकास, प्राविं, निमावि, मावि ,कम्प्युटर सहायक र कार्यालय सहयोगी) लाई आबश्यताको आधारमा थपघट र ब्यबस्थापन गरिने छ ।

५२.विद्यालयहरुको भौतिक व्यवस्थापनलाई व्यवस्थित गरी शिक्षण सिकाई कार्यलाई प्रभावकारी बनाउन आवश्यकताका आधारमा प्राथमिकिकरण गरी विद्यालयहरुमा थप भौतिक पुर्वाधारहरुको व्यवस्था गरिनेछ ।

५३.गाउँपालिकाबाट संचालन अनुमति प्राप्त सामुदायिक बालविकास केन्द्रहरुमा दरबन्दी, भौतिक पुर्वाधारको व्यवस्थापन गरी शिक्षण सिकाईलाई सहज तथा प्रभावकारी बनाउन पहल गरिने छ ।

५४.शिक्षकहरुको पेशागत क्षमतालाई अभिवृद्धि गर्न पालिकास्तरमै थप तालिम तथा अभिमुखिकरणको व्यवस्था गरिनेछ ।

५५.बालबालिकाहरुको अन्तरनिहीत क्षमता तथा प्रतिभा प्रष्फुटनका लागि विद्यालयस्तरमा विभिन्न अतिरिक्त

५६.खेलक्षेत्रको विकासका र खेलाडी उत्पादनका लागि बारेकोटमा रंगशाला निर्माण र सुविधा सम्पन्न सभाहल निर्माणका लागि पहल गरिनेछ ।

५७.युवा उद्यम कार्यक्रम र सीपविकास तालिम संचालनका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

५८.गाउँ शिक्षा योजना तयारी तथा प्रबोधिकरण, शैक्षिक क्यालेन्डर निर्माण, स्थानिय स्तरमा संचालन गरिने विभिन्न परीक्षाको प्रभावकारी व्यवस्थापन तथा संचालन गरिनेछ ।साथै स्थानिय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

५९.बालविकास तथा विद्यालयका कर्मचारीहरुको नेपाल सरकारले तोकेबमोजिमको न्युनतम पारिश्रमिकको व्यवस्था गर्न आवश्यक स्रोतको व्यवस्थापन गरिनेछ ।

६०.विद्यालयका शिक्षक, कर्मचारी तथा विद्यार्थीहरुको पोशाकलाई अनिवार्य गरी कार्यान्वयनमा ल्याइनेछ ।

६१.बिद्यार्थी भर्ना र टिकाउ दरलाई प्रोत्साहित गर्दै दिगो र गुणस्तरीय शिक्षाको लागि सबै बिद्यालयका बालविकास कक्षा देखि ५ कक्षा सम्मका बिद्यार्थीलाइ पोषणयुक्त दिवा खाजाको व्यवस्था गरिनेछ ।

६२.विद्यालयका प्रधानाध्यापकहरुको नियमित बैठक तथा विद्यालयहरुले पालिकामा त्रैमासिक प्रगति प्रतिवेदन पेश गर्ने कार्यको सुरुवात गरिनेछ।

६३.विद्यालयहरुको गुणस्तर सुधार, सिकाई सुदृढिकरण तथा कार्यसम्पादनमा थप सुधार गर्न आवश्यक कार्य अघि बढाइनेछ।

६४.शिक्षण संस्थाहरुलाई समयानुकुल प्रबिधिमैत्री बनाउदै बिद्यार्थीहरुलाइ आधुनिक सूचना प्रबिधिको सिकाइ तर्फ अभिप्रेरित गर्दै लगिने छ।

६५.शैक्षिक विकासमा गतिहिन शैक्षिक आवश्यकता नियन्त्रण गर्न शिक्षा शाखामा जनशक्ति व्यवस्थापन गरिनेछ।

६६.अपाङ्गता भएका बालबालिकाहरुलाई स्रोत कक्षा सञ्चालन गर्न पहल गरिनेछ।

ख) स्वास्थ्य

६७.स्वस्थ बारेकोट समृद्ध बारेकोटीको स्थानीय लक्ष्य हाँसलि गर्न स्वास्थ्यका ६ स्तम्भहरुमा ध्यान दिइने छ। १) मानव श्रोत २) आर्थिक श्रोत ३) औषधी औजार र उपकरण ४) नेतृत्व तथा सुशासन ५) सूचना प्रणाली ६) स्वास्थ्य पूर्वाधार।

६८.अति बिपन्न नागरिकका लागि आपतकालीलन उपचार कोष स्थापना गरी संचालनमा ल्याइने छ।

६९.यस पालिकाका अन्तरगतका ६० वर्ष नाघेका जेष्ठ नागरिकहरुको उपचारका लागि घुम्ति शिबिर संचालन गर्ने प्रबन्ध मिलाइने छ।

७०.बारेकोट्बासीलाई सर्वसुलभ र गुणस्तरीय आधारभुत स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक नीतिगत, कानूनी र संरचनागत सुधार गरिनेछ।विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ को जोखिमलाई नियन्त्रण तथा रोकथामका लागि भएका प्रयासहरुलाई आगामी आर्थिक वर्षमा थप प्रभावकारी बनाउन आवश्यक व्यवस्था मिलाइनेछ।

७१.बारेकोटको आर्थिक अवस्था, स्वास्थ्य स्थिति र भौगोलिक विकटतालाइ मध्यनजर गरि पालिकामा एक एम्बुलेन्स खरिद गरी उपचारमा सहजता ल्याउने प्रबन्ध गरिने छ।

७२.प्राथमिक स्वास्थ्य केन्द्र लिम्सालाई स्तरउन्नोती गरी १५ शैयाको अस्पताल स्थापना गर्ने राष्ट्रिय लक्ष्य अनुरुप गाउँपालिकाबाट आवश्यक सहयोग गरी थप विशेषज्ञ डाक्टरहरुको व्यवस्थापन गर्न पहल गरिनेछ। यसै वर्षबाट प्राथमिक स्वास्थ्य केन्द्रमा भिडियो एक्सरे, इसिजी, एक्सरे लगायतका विशेष उपकरण र सो संचालनका लागि स्वास्थ्यकर्मीलाई आवश्यक तालिम संचालन गर्ने र स्वास्थ्य केन्द्रबाट बीरामीलाई २४ सैं घन्टा सेवा प्रवाह हुने व्यबस्था गर्न पहल गरिने छ।

७३.यहाँका सम्पूर्ण आधारभुत स्वास्थ्य केन्द्रहरुलाई स्वास्थ्यचौकीमा स्तरोउन्नती गर्न आवश्यक पहल गरिनेछ।

७४.प्राथमिक स्वास्थ्य केन्द्र लिम्सामा भ्याक्सिन स्टोर गर्नका लागि कोल्डचेनको व्यवस्था गर्नुका साथै पालिका भित्रका बर्थिगं सेन्टरहरुलाई व्यवस्थित गर्दै अन्य स्वास्थ्य संस्थाहरुमा आवश्यक पूर्वाधार तथा जनशक्ति व्यवस्थापन सुरक्षित सुत्केरी सेवा संचालन गरिनेछ।

७५.सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा अतिआवश्यक औजार उपकरण, स्टेचर फर्निचर जस्ता साधन श्रोतले सम्पन्न बनाउदै लगिने छ।

७६.जोखिममा परेका गर्भवती तथा सुत्केरी आमा र बच्चाको जीवन रक्षाका लागि हवाइ उद्धार सेवा सञ्चालनका लागि आवश्यक समन्वय गरी संचालन गरिनेछ।

७७.स्वास्थ्यकर्मीहरुको सीप बिकासका लागि बिभिन्न तालिम संचालन गर्न जिल्ला प्रदेश र संघीय सरकारसंग समन्वय गरी तालिम प्रदान गर्ने व्यवस्था मिलाइने छ।

७८.पोषणसँग सम्बन्धित कार्यक्रमहरुलाई प्राथमिकतामा राखी संचालन गरिनेछ।

७९.कडा प्रकृतिका रोग लागि उपचार गर्न नसकेका नागरिकहरुका लागि उपचारको व्यवस्था मिलाउन पहल गरिने छ।

८०.नेपाल सरकारसँगको समन्वयमा सबै नागरिक स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध हुने व्यवस्था मिलाइनेछ।

८१.हजार दिनका आमाहरुसंग (संस्थागत सुत्केरी) उपाध्यक्ष कार्यक्रमलाई निरन्तरता दिईनेछ।

८२.सबै स्वास्थ्य संस्थाहरुमा सौर्य प्रणली तथा इन्टरनेट जडान गरि प्रविधि मैत्री स्वास्थ्य नीति अवलम्बन गर्न पहल गरिनेछ।

८३.बारेकोट गाउँपालिकालाई पूर्ण खोपयुक्त बनाउन आवश्यक व्यवास्थापन सहित पहल गरिनेछ।

८४.क्षयरोग तथा कुष्ठरोगका बिरामीहरुको पहिचान तथा सहज उपचारको व्यवस्था मिलाईनेछ।

८५.स्वास्थ्यको लागि सक्षम प्रणाली, सुआहारा कार्यक्रम लगायत सरकारी तथा गैह्र सरकारी सँस्थाहरु सँगको सहकार्यलाई निरन्तरता दिदै थप स्वास्थ्य क्षेत्रमा सहकार्य गर्ने संघ सँस्थाहरुलाई कार्यक्रम लागु गर्न पहल गरिनेछ।

८६. बाजार तथा वस्ति टोलहरुबाट उत्पादनहुने विभिन्न प्रकारको फोहोरमैलालाई निश्चित स्थानमा व्यवस्थित गर्न आवश्यकताको आधारमा डम्पिङसाईट तोकी फोहोरमैलाको उचित व्यवस्थापनका लागी आवश्यक प्रक्रिया अगाडि वढाईनेछ।

८७.मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र नेपाल (CMC Nepal) सँगको सहकार्यमा सामुदायिक मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग कार्यक्रम संचालन गरिनेछ।

८८.महिला स्वंयमसेविकाहरुका लागि सहुलियत स्वरुप प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ।

### ग) खानेपानी तथा सरसफाई

८९.पानीको जीवन उपयोगितालाई सिद्ध गर्न साझेदार संघ संस्थाहरुसँगको सहकार्यमा जल उपयोग गुरुयोजना निर्माणको काम अगाडी बढाईनेछ।

९०.खानेपानी तथा सरसफाईको दीर्घकालीन समस्या समाधान गर्न शुद्ध खानेपानी र स्वस्थ वातावरण निर्माणका लागि बिशेष पहल गरिनेछ ।

९१.स्वास्थ्य तथा सरसफाईका लागि खानेपानीको लक्ष्य पुरा गर्न एक घर एक धाराको नीति अवलम्बन गर्दै समुदाय, विद्यालय, स्वास्थ्य संस्था, वडा कार्यालय लगायत सबै सार्वजनिक सँस्थाहरुमा स्वच्छ पिउने पानीको सुविधा बिस्तार गरिनेछ।

९२.खानेपानी योजनाहरुको दीर्घकालिन उपयोगिताका लागि हरेक योजनाहरुमा मर्मत मर्मत कोष स्थापना गर्न बिशेष पहल एवं व्यवस्था गरिनेछ।

९३.WARMP-HELVETAS, NCCSP, पहाडी क्षेत्र विकास अभियान, लगायतका खानेपानीका क्षेत्रमा काम गर्ने संघ सँस्थाहरु सँगको सहकार्यलाई निरन्तरता दिदै खानेपानीको समस्या समाधानको पहल गरिनेछ।

९४.सरसफाई सम्बन्धी रणनीतिक कार्ययोजना बनाई सरसफाई लक्षित कार्यक्रम सञ्चालन गर्दै स्वच्छ वातावरण र स्वस्थ नागरिक निर्माणको अभियान सञ्चालन गरिने छ ।आवश्यकता अनुसार सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालयहरु निर्माणका लागि पहल गरिनेछ।

९५. बजार तथा बस्तिटोलहरुबाट उत्पादन हुने विभिन्न प्रकारको फोहोरमैलालाई निश्चित स्थानमा व्यवस्थित गर्न आवश्यकताका आधारमा डम्पिङ साइट तोकी फोहोमैलाको उचित व्यवस्थापनका लागि आवश्यक प्रक्रिया अगाडी बढाइने छ ।

**घ) लक्षित वर्ग**

९६. जनयुद्ध आन्दोलनका घाइते, अपाङ्ग र शहिद परिवारका लागि विशेष राहत कार्यक्रम ल्याईनेछ ।

९७. छोरा र छोरी बिचको भदेभावलाई न्यूनिकरण गर्दै बालविवाह रोक्न, धेरै सन्तान जन्माउँदा आमा र बच्चा दुबैको स्वास्थ्य कमजोर हुने अवस्था आउन नदिन, घर र खेतीपातीमा महिलालाई निःशुल्क कामदारको रुपमा हेर्ने परम्परा अन्त्य गर्न, महिनावारी हुँदा गरिने विवेदित व्यवहारलाई निरुत्साहित गर्न,महिलाले पछाडी खाना खाने जस्ता विभेद युक्त व्यवहार हटाउन छोरा र छोरीलाई समान अवसरका साथ राज्यका सबै क्रियाकलापमा सरिक हुने वातावरण बनाउन आवश्यक सबै उपायहरुको अवलम्बन गरिने छ.

९८. नारी सुरक्षाका लागि छोरी खाता सञ्चानलाई व्यापक रुपमा विस्तार गरिनेछ ।

९९. जीवन संगिनी गुमाएका एकल पुरुषहरुका लागि बिदुर भत्ताको व्यवस्था गर्न विशेष व्यवस्था गरिनेछ ।

१००. जातिय विभेदअन्तर्गत दलितहरु प्रति अमानवीय र निकृष्ट व्यवहार निरुत्साहित गर्न हरेक प्रयास तथा प्रतिबद्धताबाट अनुभूती हुने किसमको परिवर्तन भएको नदेखिँदा विभेद न्यूनीकरणका नयाँ र अन्तर सम्बन्धित सामाजिक व्यवहार निर्माण, व्यक्ति व्यक्ति बीच आपसी समाजिक सद्भाव पैदा हुने वातावरणको सिर्जना र सामाजिक समावेशीकरणका उपायहरुको अवलम्बन, कुरितीजन्य अन्धविस्वासी सोचको रुपान्तरण र अन्तरदलित विभेद समेत हटाउँदै आत्मनिर्भर हुन उद्यमशीलता, रोजगारी र आयआर्जनका अवसरहरुको सिर्जना र पहुँचबाट यस्तो सामाजिक विभेद समूल नष्ट गरी एउटा आदर्श र समतामूलक समाज निर्माण गर्ने दिशामा हाम्रा कार्यक्रमहरु लक्षित हुनेछन् ।

१०१. महिला तथा दलित आयआर्जन कार्यक्रम लागु गरी परम्परागत मौलिक सीप र कलालाई प्राविधिक शिक्षा समेतको माध्यमले आधुनिकीकरण र व्यावसायिक बनाई रोजगारीका थप अवसरहरु सृजना गरिनेछ ।

१०२. एकल महिलाहरुको समुह निर्माण गरी समुहमा आधारित सामाजिक कल्याण र आयआर्जन उन्मुख कार्यक्रम संचालन गर्न पहल गरिने छ ।

१०३. अपाङ्गता भएको व्यक्तिहरुलाई परिचय पत्र वितरण गर्दा पूर्ण अपाङ्ग भएका व्यक्तिहरुलाई गाउँपालिकाको कार्यालयमा ल्याएर परिचय पत्र लिनका लागि ३÷४ जना मानिसहरुले बोकेर ल्याउने दुःख पाउने भएकाले सो समस्यालाई मध्यनजर गरी वडा वडामैसबै नीतिगत प्रक्रिया पूरा गरिअपाङ्ग परिचय पत्र वितरण गर्न घुम्ती शिविर संचालन कार्यक्रम ल्याइनेछ ।

१०४. ४० वर्ष माथिका अविवाहित पुरुषहरुलाई समेत एकल पुरुष सरह भत्ता दिने व्यवस्था गरिनेछ ।

१०५. साहारा विहिन, टुहुरा, बालबालिकाहरुको लागि बालबालिकाहरुको लागि पालनपोषण र शिक्षा दिक्षाको प्रवन्ध गर्न अनाथालय स्थापना गरिनेछ ।

१०६. नलगाड हाइड्रो पावर डुवान क्षेत्र वडा नं. ६, ७, ८ र ९ का विस्थापित हुने परिवारहरुका लागि बस्ति व्यवस्थापन कार्यक्रम गर्न पहल गरिनेछ ।

१०७. फरक क्षमता भएका व्यक्तिहरुलाई सीपविकास तालिम संचालन गर्न प्रवन्ध मिलाईनेछ ।

१०८. अति विपन्न परिवारका लागि शौचालय सदृढिकरण अभियान संचालन गरिनेछ ।

मिति : २०७९/०३/१०

### ३. पूर्वाधार तर्फ

१०९. बारेकोट रिङरोडको अवधारणालाई पूर्णता दिईनेछ ।

११०. दीगो पूर्वाधार विकासको आधुनिक मान्यतालाई आत्मसाथ गर्दै पूर्वाधार विकासका क्षेत्रमा नयाँ आयाम स्थापित गर्ने गरि विकास योजनाहरुको तर्जूमा, कार्यान्वयन र मूल्याँकन गर्ने परिपाटिको शुरुवात गरिने छ ।

१११. सबै वडाबाट पालिका केन्द्र सम्मको सहज पहुँच विस्तार गर्न ट्याक खोलिएका सडकहरुको स्तरोन्नतिको काम अगाडि बढाईनेछ ।

११२. पालिका केन्द्रदेखि सदरमुकाम सम्मको सडक सम्पर्क सहज बनाउन सडको स्तरोन्नती र सडक पुल निर्माणका लागि विशेष पहल गरिनेछ ।

११३. संचालन भएर काम सम्पन्न नभएका विभिन्न योजनाहरुको काम सम्पन्न गर्न यो आर्थिक वर्षमा पनि निरन्तरता दिइने छ ।

११४. उज्यालो बारेकोटका लागि केन्द्रीय बिद्युत प्रशारण लाइन बारेकोटसम्म बिस्तारका लागि आबश्यक पहल गर्दै यहाँ संचालित साना लघुजलबिद्युत आयोजनाहरुको मर्मत संभार संचालनमा बिशेष पहल गरिने छ ।

११५. लघु जलविद्युत्त आयोजनालाई प्रभावकारी व्यवस्थापन गर्न फलामे पोल विस्तार गर्ने तथा निर्माणाधीन अवस्थामा रहेका योजनाहरुलाई केन्द्र तथा प्रदेश सरकारसँग समन्वय गरि निर्माण सम्पन्न गरिनेछ ।

११६. नलगाड जलविधुत परियोजनाको डि.पि.आर. प्राप्त गर्ने र लगानी कर्ता जुटाउन संघीय सरकारलाई अनुरोध गर्ने संरचनाको मुआब्जा तत्काल वितरणको व्यवस्था गराउने पहल लिइनेछ ।

११७. गाउँपालिका महत्वका रणनीतिक सडकहरुमा आवश्यकता अनुसार "हाम्रो जनता सडक कार्यक्रम" कार्यक्रम निरन्तरता दिदैं "हरेक टोल र बस्तीमा सडक निर्माण बर्ष भरी नै गाडी संचालन गर्ने हाम्रो अभियान कार्यक्रम" ल्याईपरिणाममूखी कार्यान्वयन गरिनेछ । साथै ट्र्याक खोली सकेका सडकहरुको स्तरोन्नतीका लागि बजेट व्यवस्था गरिने छ ।

११८. हाल सम्म सडक सञ्जालसँग नजोडिएका वडा नं ३ को मुल्साम, रुम्शिल, वडा नं २ को सेरी, वडा नं १ को वयाला, वडा नं ६ को धुमा, वडा नं ७ को ताँपु सैनी, वडा नं ८ को डाँडागाउँ जामिरचौर लैखम जुगेना वडा नं ४ को कम्द, जालतरी, कोल्लाया धुमालगाउँ, वडा नं ५ को धोरा वडा नं. ९ को माथी काप्री, सक्ला गाउँ, माथिल्लो खारी लगायतका वस्तीहरुमा सडक सञ्जाल जोड्न विशेष पहल गरिने छ ।

११९. लिम्सा – सिलिगीचौर हुदै दह सडक स्तरोन्नती कार्यलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइने छ ।

१२०. ध्यापाटाकुरा लिम्सा सडकको स्तरोन्नती कार्य समयमा सम्पन्न गर्न पहल गरिने छ ।

१२१. विद्यालय जाने बालबालिका, बिरामी, अशक्त लगायत आम नागरिकको सुविधा तथा अन्य सेवाको पहुँचमा अभिवृद्धि गराउनको लागि कुनैपनि बारेकोटबासीले एकघण्टा भन्दा बढीको फेरो लगाउनु नपर्ने गरी खोलानालाहरुमा नेपाल सरकार तथा प्रदेश सरकारसँगको सहकार्यमा आवश्यक झोलुङ्गे पुल निर्माण गरिनेछ ।

१२२. नेपाल सरकारले तोकेअनुसार बर्गीकरण गरिएका Village Road, City Road, Federal Road, National Highway को मापदण्ड अबलम्बन गरिनेछ ।

१२३. घोडेटो बाटो न्युनतम चौडाई २ मीटर हुनुपर्ने गरी कार्यान्वयन गरिनेछ ।

१२४. सडक, भवन र पुलहरुको मुल्यांकन गर्ने नयाँ प्रविधिको अबलम्बन गर्न प्राविधिकहरुको क्षमता विकासका तालिम संचालन गरिनेछ । प्रत्येक वडाहरुमा रहेका खानेपानीको योजनामा कम्तीमा १० वा सोभन्दा माथि घरदुरी उपभोग गर्ने आयोजनाहरु खानेपानी गुणस्तर परिक्षण कार्यक्रम संचालन गरिनेछ र गुणस्तर जाँचको लागि आवश्यक सामाग्री खरिद गरिनेछ ।

१२५. सडक आसपासमा हरियाली वातावरण निर्माण गर्न र सडक सुरक्षाका लागि बृक्षा रोपन कार्यक्रम संचालन गर्ने व्यबस्था मिलाइने छ ।

### ४. भवन तथा सहरी विकास :

१२६. सबै वडा कार्यालयको भवन निर्माण गर्ने लक्ष्य अनुरुप निर्माण हुन बाँकी वडा नं ५ को कार्यालय भवन निर्माण्को काम अगाडी बढाइने छ ।

१२७. नेपाल सरकारको भवनसम्बन्धी आचार संहिता लागू गरिनेछ । गाउँपालिकामा निर्माण हुने घरहरु भूकम्प प्रतिरोधी बनाउनका लागि प्रत्येक वडाका स्थानीय २० जना मिस्त्रीहरुलाई (MESON) तालिम संचालन गरिनेछ ।

१२८. सुरक्षित घर निर्माण र वस्ति व्यवस्थापनका लागि भवन आचारसंहिता निर्माणगरि कार्यान्वयनमा ल्याईनेछ ।

१२९. जनता आवास खर मुक्त छाना एकिकृत वस्ति विकासको कार्यक्रलाई प्रभावकारी बनाउने नीति लिइनेछ ।

### ५. वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ

१३०. हरियो वन बारेकोटको धन भन्ने मान्यता विकास गरि वन अतिक्रमण रोक्न नीतिगत व्यवस्था गरिनेछ ।

१३१. वातावरणीय स्वच्छता अभिवृद्धि गर्न हरेक वडाहरुमा वृक्षारोपन गर्ने कार्यक्रम संचालन गरिनेछ ।

१३२. जडीबुटीको खोजतलास संकलन र निकासीका लागि नीतिगत प्रवन्ध गरि बारेकोटमै जडीबुटी प्रशोधन केन्द्र स्थापनाका लागि विशेष पहल गरिनेछ ।

१३३. गिट्टी, ढुङ्गा, बालुवा, माटो लगायतका प्राकृतिक सम्पदाको उचित र व्यवस्थित उपयोगको नीति र अन्य अतिक्रमणलाई नियन्त्रण गर्ने व्यवस्था गरिनेछ ।

१३४. विपद्को पूर्वतयारी, खोज तथा उद्धार, राहत वितरण, पुनरुथापना र लेखाजोखा लगायतका सबै चक्रलाई आत्मसात् गरी समन्वयात्मक क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

१३५. यस गाउँपालिकाका विभिन्न वन क्षेत्रमा लोपोन्मुख पशुपन्छी, वन्यजन्तु, जडिबुटी पाइने र तीनको चोरी शिकारी तथा निकासी पैठारी हुने गरेकोले यसको नियन्त्रण तथा न्युनीकरणका लागि आवश्यक नीति निर्माण गरि कार्यान्वयनमा ल्याईनेछ ।

१३६. बाढी पहिरोका कारण बारेकोटका अधिकासं गाउँबस्तीहरु उच्च जोखिममा रहेकोले एकीकृत बस्ती व्यवस्थापन कार्यक्रमलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्दै वस्ती सुरक्षा कार्यक्रम अगाडी बढाईनेछ ।

१३७. बाढी, पहिरो, भूक्षय रोकनका लागिरुख रोपौं, आफू बचौं र गाउँलाई बचाऔंकार्यक्रमलाई उच्च प्राथमिकताका साथ संचालन गरिनेछ ।

मिति : २०७९।०३।१०

१३८. नदि तथा खोलाको कटानमा परेर उच्च जोखिममा रहेका वडा नं १ को कोटेली वडा नं २, ८, ५ को आसपास घाटबजार, काउली बजार, वडा नं ८ को सेपुखोला लगायतका वस्ति सुरक्षा गर्न तटवन्धन निर्माणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

## ६. बहुक्षेत्रीय पोषण MSNP

१३९. गाउँपालिकाले बहुक्षेत्रीय पोषण योजना (MSNP) कार्यान्वयनको लागि आवश्यक नीति अबलम्बन गर्ने छ ।

१४०. बारेकोट गाउँपालिकामा महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अबस्थामा सुधार ल्याउने उद्देश्यका साथ बहुक्षेत्रीय पोषण योजनालाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै समपुरक कोष Matching Fund को व्यबस्था गरिनेछ ।

१४१. बहुक्षेत्रीय पोषण योजना अन्तरगत पोषण मैत्री स्थानीय शासन (NFLG)अबलम्बन गर्न पोषण मैत्री वार्ड घोषणाका लागि बिशेष अभियान सन्चालन गरिनेछ ।

१४२. नेपालका महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अबस्थामा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारको प्राथमिकतामारहेको बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनलाई यस बारेकोट गाउपालिकाले उच्च प्राथमिकतामा राखिनेछ ।

१४३. पोषण सेवाको पहुँच र उपभोग बढाउनका निम्ति विशेष पहल गरिनेछ ।

१४४. वडा स्तरिय पोषण तथा खाद्य सुरक्षासम्बन्धी कार्यक्रम एकीकृत रुपमा कार्यान्वयन गरी महिला, बालबालिका तथा किशोरकिशोरीको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार ल्याउन पहल गरिनेछ ।

१४५. कडा कुपोषणबाट प्रभावित वालवालिकाको संख्या भएको क्षेत्रमा पोषण यूक्त कुपोषण मुक्त कार्यक्रम संचालन गरिने छ ।

१४६. सुनौला १००० दिने आमाहरुका लागि आवश्यक कार्यक्रम संचालन गरि पोषणका बारेमा जानकारी गराईने छ ।

१४७. पोषण तथा खाद्य समितिलाई विषयगतका कार्यक्रमहरु संचालन भए नभएको त्यसको अनुगमन गराईने छ ।

१४८. कडा शीघ्र कुपोषण र मध्यम शीघ्र कुपोषणको ब्यवस्थापनमा सुधार ल्याईने छ ।

१४९. विद्यालय छोडेका किशोरीहरुलाई पोषण लगाएत अन्य स्वास्थ्य सरसफाई तथा समविकांस विषयमा आवश्यक ज्ञान र जीवन उपयोगी सीप सिकाउन पहल गरिने छ ।

१५०. प्रत्येक घरमा पोषण मैत्री परिवारीक वातावरण तयार तयार बनाउन जनचेतना मुलक कार्यक्रम संचालन गरिने छ ।

## ७. संस्थागत विकास, सेवा प्रवाह, सुशासन तथा अन्तरसम्वन्ध ।

१५१. गाउँपालिकामा आवश्यक ऐन, नियमावली, कार्यविधि, निर्देशिका तथा निर्देशनहरु तयार गरिनेछ ।

१५२. संस्थागत विकास र सेवा प्रवाहलाई प्रभावकारी बनाउन नियमानुसार ओ. एण्ड एम. गरिनेछ ।

१५३. नगर प्रहरी गठनका लागि आवश्यक अध्ययन गर्न कार्यदल गठन गरि प्रक्रिया अगाडि बढाउने पहल गरिनेछ ।

१५४. पालिकामा कार्यरत जनशक्तिलाई आ-आफ्नो सेवारसमूह अनुसार आवश्यकताका आधारमा जिम्मेवारी परिवर्तन सहित सेवामा गुणस्तरीयता अभिवृद्धि गर्न पुनरताजकी तालिमको व्यवस्था गरि क्षमता विकास गरिनेछ ।

१५५. भौगोलिकरुपमा सिमा जोडिएका र सामाजिक सम्वन्ध स्थापित छिमेकी पालिकाहरुसँगको सहकार्यमा सिमा क्षेत्र विकास कार्यक्रम संचालनका लागि पहल गरिनेछ ।



Scanned with CamScanner

१५६. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैहसरकारी संस्थाहरुद्वारा सञ्चालन गरिने कार्यक्रमहरुलाई पारदर्शी र जवाफदेही बनाइनेछ।

१५७. प्रदेश सरकारको प्राथमिकताका क्षेत्रमा दोहोरो नपर्ने गरी श्रोत परिचालन गर्न प्रोत्साहित गरिनेछ।

१५८. विकास साझेदारहरुको सहयोगलाई स्थानीय प्राथमिकताको क्षेत्रमा बजेट प्रणाली र स्थानीय सञ्चित कोष मार्फत परिचालन हुने व्यवस्था मिलाइनेछ।

१५९. विकास साझेदारहरुबाट हुने कार्यक्रमहरु (सचेतना, अध्ययन, अनुसन्धान र पूर्वाधार विकास) स्थानीय सरकारको वार्षिक विकास कार्यक्रममा आवद्धता गराई लागु गरिनेछ।

१६०. स्थानीय सरकारको प्राथमिकतालाई कार्यान्वयन गर्न आवश्यक थप नीतिगत तथा कानूनी व्यवस्था गर्दै लागिनेछ।

१६१. लागत अनुमान, सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयार भएका परियोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने प्रणालीको विकास गरिनेछ साथै आवश्यकताका आधारमा नयाँ आयोजनाहरु संचालनका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्नेकाम अगाडि बढाईनेछ।

१६२. सालबसाली रुपमा सम्पन्न हुने आयोजनाहरुको हकमा असोजमसान्त भित्र जनश्रमदानको सम्मान गर्दै सामाजिक श्रमदानको संस्कृति विकास गर्न प्रदेश सरकारले सञ्चालनमा ल्याएको श्रमदिन अभियानलाई सफल पार्न विशेष पहल गरिनेछ।

१६३. प्रदेश समन्वय परिषद्का बैठकबाट लिइने निर्णय र गरिने साझा प्रतिबद्धतालाई प्राथमिकताका साथ कार्यान्वयन गर्न प्रदेश सरकारलाई सहयोग गर्ने नीति लिईनेछ।

१६४. प्रदेश र स्थानीय तह बीच दोहोरोपना नहुनेगरी आपसी समन्वय र साझेदारीमा आयोजनाहरु सञ्चालन गरिनेछ।

१६५. शान्ति सुरक्षा कायम गर्न वडा नं ३ मुलसाम, वडा नं ४ दह वडा नं ६ घर्तिगाउँमा अस्थायी प्रहरी चौकी स्थापनाका लागि पहल गरिनेछ।

## ८. विज्ञान, सूचना, सञ्चार तथा प्रविधि

१६६. आर्थिक वर्ष २०७८र०७९ देखि सञ्चालनमा रहेको हाम्रो गाउँपालिका डिजिटाईजेशन परियोजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

१६७. यस पालिकाको वेवसाइटलाई अध्यावधिक गरी पालिकाका सम्पूर्ण गतिविधिहरु सार्वजनिकगर्ने व्यवस्था गरिनेछ।

१६८. पालिकाका महत्वपूर्ण योजना, ऐन, कार्यविधि, डकुमेन्ट्री तथा महत्वपूर्ण विधुतीय कागजातहरुलाई राष्ट्रिय सूचना केन्द्र (GIDC/NITC) मा सर्भको स्थापना गरी आधिकारिक रुपमा सुरक्षित भण्डारण गर्ने व्यवस्था मिलाईनेछ।

१६९. वडाहरुमा सञ्चालित इन्टरनेट सेवालाई थप प्रभावकारी बनाईनेछ र इन्टरनेको पहुँच नभएको वडा नं ३ को वडा कार्यालयमा तत्काल इन्टरनेट सेवा सूचारु गर्ने व्यवस्था मिलाईनेछ।

१७०. विकास निर्माणका सम्पूर्ण गतिविधिहरुलाई रेडियो तथा पत्रपत्रिका मार्फत व्यापक प्रचार प्रसार एवं जानकारी गराने व्यवस्था गरिनेछ।

१७१. टेलीफोन तथा इन्टरनेट सेवाको पहुँच र गुणस्तर अभिवृद्धिका लागि आवश्यक पूर्वाधार निर्माण गर्न नेपाल टेलिकम तथा अन्य इन्टरनेट सेवा प्रदायक कम्पनीहरु हरुसँग सहकार्य गरिने छ।

१७२. अभिलेख व्यवस्थापनतर्फ नविनतम प्रविधिको प्रयोग गरिनेछ। विषेशगरी वडा तथा पालिकाबाट संकलन हुने राजश्वलाई विधुतीय प्रणाली मार्फत तत्काल जम्मा हुने व्यवस्था मिलाई राजश्व चुहावटलाई तत्काल नियन्त्रण गरिनेछ।

१७३. सरकारी तथा गैर सरकारी संस्थाहरुको नीति, कार्यक्रम लगायतका विषयमा सुधार ल्याउन सूचना तथा अधिलेख केन्द्र स्थापना गरिने छ ।

१७४. विभिन्न सफ्टवेयरहर जस्तैः नगदि तथा व्यावसाय कर व्यवस्थापन प्रर्णाली, कर्मचारी व्यवस्थापन प्रणाली, विद्युतीय हाँजिरी, विद्युतीय सिफारीस,दर्ताचलानी ई-कार्यपालिका, योजना व्यवस्थापन प्रर्णाली जस्ता विद्युतीय Software हरुलाई आगामी दिनहरुमा क्रमशः निर्माण गरी प्रयोगमा ल्याईनेछ ।

१७५. विभिन्न सरकारी पोर्टल, अनलाईन सीफारिस, घटना दर्ता,SuTRA, जिन्सी व्यवस्थापन प्रणाली, योजना व्यवस्थापन प्रणाली जस्ता अत्यावश्यकीय Software हरुलाई सञ्चालन गर्न पालिकाको जनशक्तिलाई पुनरताजकी तालिमको व्यवस्था गरिनेछ ।

१७६. आगामी दिनहरुमा क्रमशः यस पालिकालाई e-Government को रुपमा विकसित गरि पूर्ण Paper Less बनाउन आवश्यक प्रक्रिया अघिबढाइनेछ ।

१७७. स्वास्थ्यमा प्रविधिको पहुँच पुर्याछउन Telemedicine प्रणालीको स्थापना र प्रविधि मैत्री विद्यालयको स्थापना गरी बालबालिकाहरुलाई सूचना प्रविधिको पहुँचमा सहभागी बनाउँदै लैजाने व्यवस्था मिलाइनेछ ।

१७८. अन्त: निकट भविश्यमा यस पालिकालाई Digital Palika घोषणा गर्न आवश्यक पूर्वाधारको निर्माणमा पहलगरिनेछ ।

**गाउँ सभा सदस्य ज्युहरु !**

१७९. नेपाल सरकारबाट प्राप्त हुने अनुदान, प्रदेश सरकारबाट प्राप्त हुने अनुदानलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

१८०. करहरुको दायरा विस्तार गर्न नीतिगत व्यवस्था गरिनेछ ।

१८१. सञ्चालन खर्चलाई निश्चित सीमाभन्दा बढ्न नदिन अनिवार्य दायित्व सिर्जना हुनेतर्फ सजग रही पूँजी निर्माण हुने क्षेत्रमामात्र लगानी केन्द्रित गरी खर्च गर्ने क्षमता बढाउँदै लगिनेछ ।

१८२. उपलब्ध साधन तथा स्रोतको अधिकतम उपयोग गर्न योजना तथा कार्यक्रमहरुको प्राथमिकीकरण गर्न स्वचालित पद्दतिको अवलम्बन गरिनेछ ।

१८३. दीर्घकालीन सोचका आधारमा आवधिक योजनालाई अद्यावधिक गर्दै त्यसको आधारमा वार्षिक बजेट र विकास कार्यक्रम तर्जुमा गरिनेछ ।

१८४. संघ र स्थानीय तह, प्रदेश र स्थानीय तहको साझेदारीमा सम्पन्न गर्न सकिने तथा स्थानीय तह स्वयंले सञ्चालन गर्ने सम्भावित आयोजनाहरुको सूची तयार गरिनेछ ।

१८५. वार्षिक बजेट तर्जुमा, कार्यान्वयन, सार्वजनिक खर्च लेखाकन र प्रतिवेदन लगायतका कार्यहरु तथ्य र मापदण्डको आधारमा गर्ने गरी वित्तीय जवाफदेहिता सम्बन्धी नीतिगत, कानूनी र संरचनागत व्यवस्था गरिनेछ । यसका लागि नेपाल सरकार द्धारा स्वीकृत सुत्र नामक सफ्टवेयरमा आधारित प्रविधिलाई पूर्ण रुपमा अवलम्बन गरिनेछ ।

१८६. प्रभावकारी अनुगमन तथा मूल्याकन पद्दतिको विकास गरिनेछ ।

१८७. आयोजना तयारीका सम्पूर्ण चरणहरु पूरा नभएसम्म कार्यान्वयनका लागि बजेट व्यवस्था गरिने छैन ।

१८८. एक आर्थिक वर्षभित्र सम्पन्न हुन नसक्ने पालिकाका महत्वका आयोजनाहरुलाई मात्र आयोजना तयारीका सम्पूर्ण चरणहरु पूरा भएपछि बहुवर्षीय आयोजनाको रुपमा बजेट व्यवस्था गरिनेछ । यसका लागि आयोजना तयारी फिल्टर बनाई लागु गरिनेछ ।



Scanned with CamScanner

१८९. नेपाल सरकार र प्रदेश सरकारसंगको समन्वयमा पालिका भित्र सञ्चालित योजनाहरुको प्रभावकारी रुपमा अनुगमन र मूल्याकन गरिनेछ।

१९०. पालिका भित्र सञ्चालित आयोजनाहरुको प्रभावकारी अनुगमनका लागि अनुगमन समितिको प्रत्यक्ष निगरानीमा स्थलगत अनुगमन गर्ने व्यवस्था मिलाइनेछ।

१९१. उपाध्यक्ष ज्यूको नेतृत्वमा रहने योजना अनुगमन समितिबाट प्राप्त सुझाव तथा निर्देशनलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

१९२. आवश्यकता अनुसार आयोजनाहरुको तेस्रो पक्षबाट अनुगमन मूल्याकन गर्ने कानूनी प्रबन्ध मिलाईनेछ।

१९३. प्रभावकारी अनुगमनका लागि सूचना प्रविधिको विकास गरिनेछ र अनुगमनबाट प्राप्त नतिजाको समीक्षा गर्ने प्रणालीको विकास गरिनेछ।

१९४. पञ्जिकरण सम्बन्धी कामकाजलाई प्रभावकारी बनाउन पन्जीकरण अधिकारी तथा लेखा सहायकहरुलाई आवश्यकताका आधारमा व्यवस्थापन गर्दै क्षमता विकासका आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।

१९५. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजनालाई प्रभावकारी रुपमा कार्यान्वयनमा जोड दिईने छ।

१९६. कानूनी शासनको प्रवद्र्धन गर्न आवश्यक कानून निर्माण, कानूनी सचेतना, कानूनी परामर्श, कानूनी साक्षरता तथा कानूनको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ।

१९७. न्यायिक समितिको प्रभावकारी कार्यसम्पादनका लागि आवश्यक व्यवस्था मिलाइने छ।

१९८. समग्र शासकीय कार्य सम्पादनमा आम जनता, नागरिकसमाज, सञ्चार क्षेत्र, राष्ट्रसेवक कर्मचारी र जनप्रतिनिधिहरु सबैले आ–आफ्नो जिम्मेवारी गम्भिरतापूर्वक वहन गरी नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सरकारी काम र निर्णयको पारदर्शिता, जनलेखा परीक्षण जस्ता नवीन शासकीय उपक्रम सञ्चालन गरी गाउँपालिकामा सुशासनको प्रत्याभूती गराईनेछ।

१९९. जनताको संचार सुविधाको आवश्यकतालाई महसुस गर्दै आगामी आर्थिक वर्षबाट बारेकोट एफएम संचालनका लागि व्यवस्था मिलाईनेछ।

अन्तमा, प्रस्तुत नीति तथा कार्यक्रम तयारीका क्रममा रचनात्मक, महत्वपूर्ण सल्लाह, सुझाव दिने विशेष र योगदान गर्नु हुने गाउँसभाका सम्पूर्ण सदस्य ज्यूहरु, राजनीतिक दलका प्रतिनिधि, कर्मचारी साथीहरु, निजी क्षेत्र, नागरिक समाज, सञ्चारकर्मी तथा सम्पूर्ण बारेकोटबासीहरुप्रति हृदयदेखि हार्दिक आभार सहित कृतज्ञता प्रकट गर्दछु।

धन्यबाद !



Scanned with CamScanner